## ४.१.३.२.१.१ समुदाय परिचालन इकाइ

यस इकाइका प्रमुखले उपशाखा प्रमुख प्रति उत्तरदायी भई निम्न लिखित कार्यहरु आफू र आफू मातहतका कर्मचारीहरुद्वारा प्रभावकारी रुपमा कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

- समुदाय परिचालनको कामको रणनीति तर्जुमा गर्न आवश्यक सूचना संकलन गरी उपशाखा प्रमुख समक्ष पेश गर्ने ।
- नगरमा संचालन हुने विभिन्न कार्यमा समुदाय परिचालन गर्ने कार्य गर्ने ।
- अन्य उपशाखा वा इकाइहरुसंग समन्वय गरी समुदाय परिचालनको कार्यकालागि समुदाय पहिचान गर्ने ।
- समुदाय परिचालनका क्षेत्र र समुदाय पहिचान गर्नकालगि अन्य निकायसंग कार्य गर्ने ।
- समुदाय परिचालनकालागि अन्य संस्था र निकायसंग कार्य गर्ने ।
- समुदाय परिचालनकालागि तालिम संचालन गर्ने, त्यसकालागि आवश्यक सामाग्रीहरु मग गरी उपलब्ध गर्ने ।
- शिक्षा, जनस्वास्थ्य, वातावरण संरक्षण, नगर निर्माण जस्ता काममा समुदाय परिचालनका कार्य गर्ने । महिला, बालबालिका, बृद्धबृद्धा, अपांग, दलित पिछडिएको बर्ग तथा जनजातीहरुको हित संरक्षण र उत्थान सम्बन्धी कार्य गर्ने गराउने ।
- बालबालिकाहरुको अधिकार संरक्षण सम्बन्धी कार्य गर्ने गराउने ।
- उपेक्षित र उत्पीडित वर्गहरुको उत्थान र विकास सम्बन्धी कार्य गर्ने गराउने ।
- नगरपालिकाका बालबालिका, महिला, दलित, जनजाति, अपांग उत्थान एवं अधिकार सम्वर्द्धनका लागि आयोजना गरिएका कार्यक्रमहरुमा सहभागी हुने र त्यस्ता कार्यक्रमहरुबाट प्राप्त नतिजा एवं सुझावहरुको आधारमा जि.वि.स.ले लिने एवं तयार गर्ने नीतिगत व्यवस्थाको लागि सहयोग गर्ने गराउने ।
- दलित उत्थान र जनजाति आदिवासी नगरपालिका समन्वय समितिको सदस्य सचिवको रुपमा कार्य गन
- अन्तरगत कर्मचारीको कर्मचारी प्रशासन सम्वन्धि कार्य गर्ने ।
- आफ्नो सुपरिवेक्षक र का का अ ले वेला वेलामा दिने निर्देशनहरु पालना गर्ने ।
- उपशाखा प्रमुखको निर्देशनमा भैपरी आउने तथा अन्य काम गर्ने ।